स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

ༀ། །ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश,नेपाल

---

### दीर्घरोगीहरुको नामावली नविकरण सम्वन्धमा ।

प्रकाशित मिति :२०८२।०३।३२

प्रस्तुत विषयमा यस हेलम्बु गाउँपालिकाको दीर्घरोगीहरुको निःशूल्क औषधि वितरण सम्वन्धी कार्यविधि, २०७७ को ब्यवस्थालाई कार्यान्वयन गरि मिति २०८० साल चैत्र १ गतेदेखि सम्वन्धित सेवाग्राहीहरुको रेकर्ड अनुसार औषधि खरिदको रकम सेवाग्राहीहरुको बैंक खाता मार्फत भुक्तानी हुदै आइरहेको ब्यहोरा अवगत नै छ, आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रममा ब्यवस्था भए बमोजिम २०८२ श्रावण महिना भित्र तपसिलमा उल्लेख भए बमोजिमको कागजात सहित नविकरण गर्नुहुन सम्वन्धित सबैमा यसै सूचना मार्फत सूचित गरिन्छ ।

तपसिल :

१. सरकारी अस्पतालमा उपचार/फलोअप गरेको विरामी पुर्जा ।

२. हेलम्बु गा.पा. भित्र मतदाता रहेको मतदाता परिचय पत्रको प्रतिलिपी ।

३. नागरिकताको प्रतिलिपी,(नाबालकको हकमा जन्मदर्ताको प्रतिलिपी,) ।

४. नेपाल सरकार/गाउँपालिकालाई तिर्नुपर्ने राजश्व तिरेको रसिदको प्रतिलिपी ।

५. स्वास्थ्य संस्था तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा सम्पूर्ण सक्कल बिल तथा बैंक खाता अध्यावधिक गरेको ।

६. वालविवाह/महिला हिंसा नभएको/दीर्घरोगी निःशूल्क औषधि उपचार नविकरणको लागि वडा कार्यालयको सिफारिस ।

७. वडा कार्यालयवाट स्वास्थ्य संस्था तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुले संकलन गरेको बिलहरु रुजु गरि भुक्तानीको लागि सिफारिस ।

८. बिरामी स्वयं उपस्थित भई वा स्वयं उपस्थित हुन नसक्ने अवस्थामा बिरामीको रेखदेख गर्ने ब्यक्ति उपस्थित भई तोकिएका सम्पूर्ण कागजात तथा बिलहरु सम्वन्धित वडागत स्वास्थ्य संस्थाहरुमा तोकिएको समयसिमा भित्र बुझाउनु पर्नेछ ।

(नोट : वडा कार्यालयहरु सबै, स्वास्थ्य चौकीहरु र आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु सबै जानकारी गर्नु/गराउनु हुन)

०८२/३/३२

राजुभाई श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत